# जानकी फाइनान्स कम्पनी लिमिटेड
# Janaki Finance Company Ltd.

केन्द्रीय कार्यालय : स्टेशन रोड, जनकपुरधाम-२, धनुषा (नेपाल)
फोन नं : ०४१-५९०५८६/५९०५८७, फ्याक्स : ०४१-५९०५८८

## आन्तरिक सजावट (निर्माण) कार्य बारे शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : (२०७७।०१।२९)

यस जानकी फाइनान्स कम्पनी लि. को जनकपुरधाम, वडा नं.४ मा खोल्न लागेको शाखा कार्यालयको आन्तरिक सजावट (निर्माण) कार्यका लागि नेपाल सरकारबाट इजाजत प्राप्त फर्म वा सप्लायर्सबाट निम्न बमोजिमको शर्तहरु पालना गरी रीत पूर्वकको शिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

१) बोलपत्र फारम रु १,०००/- (रुपैयाँ एक हजार) पछि फिर्ता नहुने गरी मिति २०७७ जेष्ठ १२ गतेसम्म दिनको १२:०० बजे भित्रमा यस वित्तीय संस्थाको स्टेशन रोड-२ जनकपुरधाम स्थित केन्द्रीय कार्यालयको सामान्य प्रशासन विभागबाट खरिद गर्न सकिनेछ।

२) खरिद भएको बोलपत्र मिति २०७७ जेष्ठ १२ गते दिनको ३:०० बजेसम्म वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा रहेको सामान्य प्रशासन विभागमा उल्लेखित प्रमाण-पत्रहरु संलग्न राखी शिलबन्दी गरी पेश गर्नु पर्नेछ। साथै शिलबन्दी बोलपत्र खामको बाहिर फर्मको नाम र ठेगाना स्पष्ट लेखि दाखिला गर्नु पर्नेछ।

३) प्राप्त भएका शिलबन्दी बोलपत्रहरु मिति २०७७ जेष्ठ १३ गते शिलबन्दी बोलपत्र दाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा खोलिनेछ। तर शिलबन्दी बोलपत्र दाताहरु वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोलिन बाधा पर्ने छैन।

४) शिलबन्दी बोलपत्र खरिद गर्ने दाखिला गर्ने, एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतैपछि कार्यालय खोलेको दिन सोही समयमा हुनेछ।

५) बोलपत्र फारम भर्दा अंक अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ। केरमेट भएको ठाउँमा सहीछाप हुनुपर्नेछ।

६) बोलपत्र फारम साथ आफुले कबुल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस वित्तीय संस्थामा नगदै धरौटी खातामा जम्मा गर्नुपर्नेछ।

७) बोलपत्र साथ निम्न कागजात समेत पेश गर्नु पर्नेछ।
- अद्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
- आयकर/मूल्य अभिबृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि
- कम्पनी/फर्मको संक्षिप्त परिचय तथा कार्यानुभव (Profile)
- बैंक तथा वित्तीय संस्थाहरुको कम्तिमा २ वटा शाखा कार्यालय निर्माण गरेको अनुभवको प्रमाणपत्र

८) रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन।

९) प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ।